नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७८/०४ /०८**

**विएस्सी फरेष्ट्री (B.Sc.Forestry) विषयमा नि:शुल्क (छात्रवृत्तिमा) अध्ययन गर्न इच्छुक उम्मेदवारहरूका लागि दरखास्त आह्वान गरिएकोसम्बन्धी अत्यन्त जरुरी सूचनाः**

कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तरगत सिद्धान्त क्याम्पस गैडाकोट नवलपरासी (सुस्तापूर्व) मा शैक्षिक सत्र २०७७/०७८ का लागि प्राप्त B.Sc.Forestry विषयमा अध्ययनका लागि ५ सीट छात्रवृत्ति प्राप्त भएकोमा प्राप्त कोटामा छात्रवृत्ति सम्बन्धी नियमावली २०६० अनुसार योग्यताक्रम कायम गर्नुपर्ने भएकोले देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट यस छात्रवृत्ति शाखाको इमेल applyscholarship@moest.gov.np बाट दरखास्तसहित तोकिएका आवश्यक कागजात स्क्यान गरी पठाउनु हुन आव्हान गरिएको छ ।

१) दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क) कृषि तथा वनविज्ञान विश्वविद्यालयले २०७७ सालमा सञ्चालन गरको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) दरखास्तका लागि तोकिएको समूह तथा सिट :

ख १. साधारण समूहमा ३ सिट

ख २. आरक्षण समूहः महिला १ र जनजाति १

२) दरखास्त दिने म्यादः मिति २०७८ साल साउन ८ गतेदेखि २०७८ साल साउन १५ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलमा इमेल applyscholarship@moest.gov.np बाट दरखास्त पठाउन सकिने छ । दरखास्त नमूना यसै साथ संलग्न छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैङ्क काउन्टरमा कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सोको भौचरको स्क्यान समेत संलग्न राखी छात्रवृत्ति शाखामा निवेदनसाथ पठाउनु पर्नेछ ।भौचरको नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

४) दरखास्त साथ पेश गर्नुपर्ने स्क्यान गरिएका कागजातहरू

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- कृषि तथा वनविज्ञान विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- १० + २ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate ।
- SEE/SLC परीक्षाको प्रमाणपत्र
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ पाठ्यक्रम विकास केन्द्रबाट प्रतिशत खुलाएको पत्र समेत ।
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

**ख** Community School Group **सामुदायिक विद्यालय तर्फको आरक्षण समूह**

विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्नसक्ने उम्मेदवारहरू मात्र सामुदायिक विद्यालय समूहमा पर्ने हुनाले यस्ता समूहमा दरखास्त दिन इच्छुक उम्मेदवारले यी तीनै कागजात दरखास्त साथ पेश गर्नुपर्ने छ । साधारण समूह का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको स्क्यानप्रति पठाउनुपर्नेछ ।

१) SLC/SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी सम्बन्धित स्थानीय निकाय वा शिक्षा समन्वय इकाइले प्रदान गरेको सिफारिस पत्र

२) सम्बन्धित गाउँपालिका/ नगर/उपमहानगर/ महानगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची १ अनुरुपको ढाँचामा मिति **२०७८ साल साउन ८ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७८ साउन १५** सम्ममा जारी गरेको विपन्नताको सफारिस पत्र ।

३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

- जनजातिको सिफारिस : आदिवासी जनजाति उत्थान राष्टिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट

ग ) Other School Group अन्यविद्यलय तर्फको आरक्षण समूह

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले माथि general Group साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं ३ मा तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रतिको स्क्यान प्रति संलग्न गर्नुपर्ने छ ।

५. योग्यताक्रमः

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाणसमेतको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गर्ने छ ।आरक्षणका लागि तोकिएका कागजात पेश नभएमा आवेदन स्वतः साधारण तर्फ मात्र भएको मानिने छ ।शर्तमा कुनै दरखास्त दर्ता गरिने छैन ।

६. अन्य विद्यालय समूहले पाउने अवसरः आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी माथि उल्लेख गरिएका कागजात पेश गरेका उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइने छ । सामुदायिक समूहमा कुनै पनि उम्मेदवार नभएको अवस्थामा मात्र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ । सो पनि नभएको अवस्थामा छात्रवृत्ति सम्बन्धी नियमावलीबमोजिम सो आरक्षित सिट साधारण समूहमा रुपान्तरण गरी वितरण गरिने छ ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ४४१८१६९ मा फोन गरी जानकारी लिन सकिने छ ।इमेलबाट दरखास्त पठाएका उम्मेदवारहरूले आफ्नो दरखास्त इमेल प्राप्त भएनभएको सम्बन्धमा यसै फोन नम्बरबाट कार्यालय समयभित्र जानकारी लिनु पर्ने छ ।दरखास्त र कागजातलाई एकपटक मात्र अपलोड गरी पठाउन र पठाउँदा सकभर आफ्नै नामको इमेलबाट गर्न र सम्भव नभए कसको दरखास्त हो इमेलमा नै लेख्नु पर्नेछ । दरखास्तमा कुनै समस्या देखिएर कार्यालयबाट फोन हुन सक्ने भएकाले उम्मेदवारले आफूले उठाउने फोन नम्बर दरखास्तमा उल्लेख गर्नुपर्ने छ । म्याद नाघिसकेपछि आउने दरखास्त र गुनासोलाई स्थान दिइने छैन ।*

*(सम्बन्धित स्थानीय निकायको लेटरप्याडमा हुनुपर्ने)*

<u>विपन्नताको ढाँचा</u>

अनुसूची-१ख.
(नियम १३क. को) उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल, काठमाडौं

विषय - विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ............ जिल्ला ................ गाउँपालिका./न.पा./उ.म.न.पा/म.न.पा. .............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि ........ सम्म .............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः

नमूना

| बैंकको छाप | **राष्ट्रिय वाणिज्य बैंक लि.**<br>शाखा कार्यालय .................<br>राजश्व दाखिला फाराम (**Deposit Slip**) | अनुसूची २४ |
| --- | --- | --- |

दाखिला फाराम (Deposit Slip) नं. 11055513 मिति ........................

राजश्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. १ ० ० १ ० ० २ ० ० ० १ ० ० ० ० ०

राजश्व संकलन भएको प्रदेश : जिल्ला

स्थानीय तह

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग वापतको हो अनिवार्य खुलाउनु पर्नेछ)

प्रयोजन : छात्रवृत्ति प्रयोजन

कार्यालयको कोड: ३ ५ ० ० ० ३ ५ ० १

कार्यालयको नाम: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राजश्व शिर्षक नं.: १ ४ २ २ ६

दाखिला भएको रकम रु. अंकमा: १ ० ० ० –

अक्षरमा: एकहजार रुपैया मात्र –

आय वर्ष: २०७८/२०७९ श्रोत कर कट्टी: हो ☐ होइन ☐

बापत: छात्रवृत्ति प्रयोजन

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखा:

दाखिला गर्ने फर्म/व्यक्तिको नाम: विद्यार्थीको नाम लेख्ने

ठेगाना/फोन नं. समेत: विद्यार्थीको ठेगाना र फोन नं लेख्ने

भ्याट/पान नं.

विद्यार्थीको सही

बैंकले भर्ने:

कारोबार संकेत नं.

दाखिला रकम

मिति : ........................

रकम दाखिला गर्नेको सही — प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ। RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ। यस राजश्व दाखिला फारमको सट्टा www.rajaswa.fcgo.gov.np मा log in गरी भौचर भर्न सकिने छ।

| |
|---|
| दर्ता नं<br>मिति |

| |
|---|
| रु.१०।-को हुलाक<br>टिकट टांस गर्ने |

| |
|---|
| फोटो |

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, केशरमहल ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०७८।०४।०८ मा प्रकाशित सूचना अनुसार BSc. Forestry विषयको स्नातक तहमा अध्ययन गर्न योग्य भएको कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुर चितवनले २०७७ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित रु. १०।- को हुलाक टिकट समेत टाँस गरी दरखास्त पठाएको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. कृषि तथा वनविज्ञान विश्वविद्यालय, रामपुर, चितवन

**नम्बर**

| योग्यताक्रम(Rank) | अङ्क | अक्षर | रोल नं. | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | नेपाली | | |
| अंग्रेजी | | | | अंग्रेजी | | |

**आवेदन गरेको समूह (टिक लगाउनुहोस्)**

| क्र.स. | समूह | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|
| १ | साधारण | | |
| २ | महिला | | |
| ३ | जनजाति | | |

निवेदकको नामथर : ............................................................Name In English : ......................................................

जन्म मिति विक्रम संवत् : ........................................................... ईश्वी संवत : ................................

दरखास्त दिंदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : .........................................

इमेल : .......................... नागरिकताअनुसारको ठेगानाः जिल्लाः गाउँ/नगर/उमनपा/मनपाः

वडा नंः नागरिकता नम्बरः नागरिकता जारी मितिः

अभिभावकको नाम थर :................................................ सम्पर्क फोन न/मोवाइल नं. : ..............................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ झुट्टा ठहरे कानुनवमोजिम सहुँला बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने योग्यताक्रमसूची निर्धारण तथा पूर्वमनोनयन/मनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखत..................................

मिति................................